धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व.:०८०/८१
च.न.

**फोहरमैला व्यवस्थापन सार्वजनिक निजि साझेदारी अवधारणा अन्तर्गत**
**संचालन तथा व्यवस्थापन गर्नका लागि सिलबन्दी प्राविधिक र आर्थिक आव्हान सम्बन्धी सूचना।**
**प्रथम पटक प्रकाशित मितिः २०८१/०१/२४**

धनगढी उप-महानगरपालिका वडा न. १, २, ३, ४, ५, ६, ७, ८ र १३ को फोहरमैला संकलन र व्यवस्थापनका लागि सार्वजनिक निजी अवधारणा अनुसार ५ वर्षका लागि प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भएको रकममा नै वृद्धि हुने गरी फोहरमैला व्यवस्थापन करारका गरी फोहरमैला व्यवस्थापन गर्नु पर्ने भएको हुंदा ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहने गरी न्यूनतम बढाबढ अंक कायम गरी सिलबन्दी आर्थिक र प्राविधिक प्रस्ताव आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**<u>सूचनाका शर्तहरू</u>**

१.फोहरमैला व्यवस्थापन करारका लागि वार्षिक न्युनतम बडाबड ठेक्का अंक रु २०,००,०००\- (वीस लाख मात्र) भ्याट बाहेक कायम गरिएको छ।

२. सिलबन्दी प्रस्ताव फारम सूचना प्रकाशित भएको मिति बाट १५ दिन भित्र कार्यालय समयमा रु १००० (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।

३. प्राविधिक र आर्थिक प्रस्ताव १६ औं दिनको १२:०० बजेभित्र पेश गरिसक्नु पर्नेछ। सोहि दिनको २:०० बजे खोलिने हुदा सो समयमा प्रस्तावक वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ। उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

४. प्रस्ताव खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ।

५. फोहरमैला व्यवस्थापन शुल्क धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन अनुसार हुनेछ र उक्त शुल्कको दर कार्यसूची सँग उपलब्ध गराईनेछ।

६.आर्थिक प्रस्तावमा अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन।

७. यस शर्तमा लेखेका विषयहरु यसै बमोजिम र छुट भएका विषयहरु प्रस्तावमा उल्लेखित शर्तहरु, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८० र प्रचलित कानून बमोजिम हुनेछ। साथै कार्यगत शर्तका विवरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

८. प्रस्ताव दर्ता गर्दा प्रस्तावकले आफुले कबोल गरेको रकमको ५% प्रतिशत यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३०३०००००२।– जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश नेपाल

आ.व.:०८०/८१
च.न.

९. प्रस्तावकले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंक द्वारा १५ महिना अवधि सम्मको लागि जारी गरिएको परफरपेन्स बण्ड पेश गरे पछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलानको पट्टा पुर्जी प्रदान गर्नेछ।

१०. ठेक्का स्वीकृत भए पछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेका दिन अग्रिम दाखिला गर्नु पर्ने छ।

११. यस कार्यालयको महालेखा परीक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन। यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरुजु विवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परीक्षकको प्रतिवेदनबाट हेर्न समेत सूचित गरिन्छ।

१२. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१३. यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन/कानून बमोजिम हुनेछ।

१४. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत